201A

## परिवर्तनका बारेमा जानकारी गराउने सम्झौता

*यो सम्झौता निम्न लाभहरूसँग सम्बन्धित छ: 3SquaresVT, इन्धन सहायता (Fuel Assistance), रिच फर्स्ट (Reach First), रिच अप (Reach Up), रिच अहेड (Reach Ahead), इसेन्शल पर्सन (Essential Person) र पोस्टसेकेण्डरी शिक्षा (Postsecondary Education, PSE) ।*

**यदि मैले 3SquaresVT लाभहरू प्राप्त गर्छु (वा आवेदन दिएको छु) भने:**

म सरलीकृत रिपोर्टिङका लागि योग्य छु र मैले निम्न परिवर्तनहरू भएको महिनापछि 10 दिनभित्र उक्त परिवर्तनहरूका बारेमा अनिवार्य रूपमा जानकारी गराउनुपर्छ:

- मेरो घरपरिवारको आय संघीय गरिबी स्तरको 130% पुगेको बेला (पछाडि रहेको 3SquaresVT सकल आय चार्ट हेर्नुहोस्); वा
- सीमित समय ग्राहकको कार्य घण्टा घटेर प्रति हप्ता 20 घण्टा/प्रति महिना 80 घण्टाभन्दा कम भएको बेला ।

**यदि मैले 3SquaresVT लाभहरू मात्र प्राप्त गर्छु (वा आवेदन दिएको छु) भने:**
म सरलीकृत रिपोर्टिङका लागि योग्य छु । माथिको रिपोर्टिङका आवश्यकताहरू हेर्नुहोस् ।

**यदि मैले माथि सूचीबद्ध (3SquaresVT बाहेक) कुनै पनि लाभहरू प्राप्त गर्छु (वा आवेदन दिएको छु) भने:**
मैले मेरो घरपरिवारमा निम्न परिवर्तनहरू भएको 10 दिनभित्र अनिवार्य रूपमा जानकारी गराउनुपर्छ:

- जीवनयापनको अवस्था: म बस्ने ठाँउ, मेरो ठेगाना, मसँग बस्ने मानिसहरू, मेरो घर तातो राख्ने तरिका वा मेरो घर तताउने इन्धन आपूर्ति गर्ने व्यक्ति ।
- आय: कुनै पनि स्रोतबाट आयमा वृद्धि वा कमी: नयाँ जागिर वा जागिर गुमाउनु, आयको नयाँ स्रोत, बच्चाको भरणपोषण खर्च, सामाजिक सुरक्षा, पेन्सन, बेरोजगारी क्षतिपूर्ति, लोटरी वा बिङ्गोमा जित, एकमुष्ट भुक्तानी, अपुताली वा बीमा मिलापत्रहरू ।
- खर्चहरू (रिच अहेड र इन्धन सहायता बाहेकका): आश्रित बच्चा वा वयस्कको स्याहारका लागि आफैँ भुक्तानी गर्नुपर्ने खर्च वा बच्चाको भरणपोषण खर्चको भुक्तानी ।
- स्रोतहरू (रिच अहेड र इन्धन सहायता बाहेकका): बचत, सम्पत्ति वा सवारी साधनहरू ।
- अन्य परिवर्तनहरू: मेरो घरमा कसैको बच्चा जन्मिएको वा विवाह भएको बेला ।

**यदि मैले रिच फर्स्ट, रिच अप, रिच अहेड वा पोस्टसेकेण्डरी शिक्षा प्राप्त गर्छु (वा आवेदन दिएको छु) भने:**
मैले निम्न अवस्थाहरूमा पनि अनिवार्य रूपमा जानकारी गराउनुपर्छ:

- मेरो बच्चाको आमा वा बुबा मेरो घरमा फर्किएको वा उनको स्थितिले मेरो बच्चालाई असर गरेको बेला ।
- मेरो भाडा वा आवाससम्बन्धी अन्य शुल्कहरूमा परिवर्तन भएको बेला (रिच अहेड बाहेकका)
- मेरो घरपरिवारको नगद, स्टक, बन्ड र बैंकमा रहेको पैसा कुल $9,000 वा सोभन्दा बढी भएको बेला (रिच अहेड बाहेकका) ।

**म निम्न कुराहरू बुझ्दछु:**

- यस आवेदनमा हस्ताक्षर गरेर म झुटो ठहरिएमा सजायको भागिदार हुने कानुनअन्तर्गत आवेदनमा उपलब्ध गराइएको जानकारी मलाई थाहा र विश्वास भएसम्म सही तथा पूर्ण छन् भनेर वाचा गर्छु । मैले आवेदनमा भएका अधिकार तथा जिम्मेवारीहरू पनि पढेर तिनीहरूलाई बुझेको छु र म तिनीहरूमा सहमत छु ।
- मैले माथि वर्णन गरिएको समय सीमाभित्र मेरो स्थितिमा भएको परिवर्तनका बारेमा बालबालिका तथा परिवार विभागको आर्थिक सेवा महाशाखा (ESD) लाई अनिवार्य रूपमा सूचित गर्नुपर्छ ।
- मैले लाभ सेवा केन्द्र (Benefit Service Center) लाई 1-800-479-6151 मा फोन गरेर वा आवेदन तथा कागजात प्रक्रिया केन्द्र (Application and Document Processing Center) (ठेगाना पछाडिको भागमा दिइएको) लाई परिवर्तन रिपोर्ट फाराम वा लिखित नोट हुलाकमार्फत पठाएर पनि परिवर्तनहरूका बारेमा जानकारी गराउन सक्छु ।
- यदि मलाई जानकारी गराउनुपर्ने खालका जानकारीका बारेमा कुनै शङ्का लागेको खण्डमा मैले अनिवार्य रूपमा ESD लाई सम्पर्क गर्नुपर्छ ।
- यदि मैले आफू हकदार नभएको रिच फर्स्ट, रिच अप, रिच अहेड, PSE, इन्धन वा 3SquaresVT लाभहरू प्राप्त गरेँ भने मैले उक्त सेवाहरूबापत भुक्तानी गर्नुपर्छ भन्ने अपेक्षा राखिन्छ भन्ने कुरा म बुझ्दछु ।

मैले यी नियमहरू उल्लङ्घन गरेँ भने मविरुद्ध जालसाजीको अभियोग वा अन्य प्रशासनिक प्रतिबन्धहरू लगाउन सकिन्छ ।

**पछाडिको भागमा दिइएको 3SquaresVT सकल आय चार्ट हेर्नुहोस् ।**

***कृपया आफ्ना रेकर्डहरूका लागि यो जानकारी आफूसँग राख्नुहोस् ।***

## 3SquaresVT सकल आय चार्ट

तलको चार्टको बायाँतिरको कोलममा तपाईंको घरपरिवारमा 3SquaresVT मा हुनुभएको मानिसहरूको सङ्ख्या प्राप्त गर्नुहोस् ।  यदि तपाईंको घरपरिवारको आय यो रकमभन्दा बढी हुन गयो भने तपाईंले पहिलो पृष्ठमा दिइएको निर्देशनअनुसार अनिवार्य रूपमा ESD लाई जानकारी गराउनुपर्छ ।

आयमा ज्याला, स्व-रोजगारी, सामाजिक सुरक्षा, बेरोजगारी क्षतिपूर्ति, बच्चाको भरणपोषण खर्च, पेन्सन, लोटरी वा बिङ्गोमा जित, एकमुष्ट भुक्तानी, अपुताली वा बीमा मिलापत्रहरू पर्दछन् । "सकल" भनेको करहरू लिनुअघिको रकम हो ।

परिवर्तनहरू रिपोर्ट गर्नका लागि तपाईंले लाभ सेवा केन्द्रलाई 1-800-479-6151 मा फोन गर्न सक्नुहुन्छ वा निम्न ठेगानामा लिखित नोट वा परिवर्तन रिपोर्ट फाराम हुलाकबाट पठाउन सक्नुहुन्छ:

**DCF – Economic Services Division**
**Application and Document Processing Center**
**280 State Drive**
**Waterbury, VT 05671-1500**

तपाईंले 1-800-479-6151 मा फोन गरेर परिवर्तन रिपोर्ट फाराम प्राप्त गर्न सक्नुहुन्छ वा प्रिन्ट गर्नका लागि तपाईं myBenefits.vt.gov मा जान सक्नुहुन्छ ।

| **घरपरिवारको आकार** | **अधिकतम सकल मासिक आय गरिबी स्तरको 130%** |
|---|---|
| 1 | $1,632.00 |
| 2 | $2,215.00 |
| 3 | $2,798.00 |
| 4 | $3,380.00 |
| 5 | $3,963.00 |
| 6 | $4,546.00 |
| 7 | $5,129.00 |
| 8 | $5,712.00 |
| 9 | $6,295.00 |
| 10 | $6,878.00 |

| | |
|---|---|
| **प्रत्येक थप सदस्यका लागि** | $583.00 थप्नुहोस् |